ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research (AMRJ)
Volume: 5 Issue: 1, Year 2026

# मुक्त कमैया पुनर्स्थापनामा सञ्चारको भूमिकाः एक समाजशास्त्रीय तथा मिडियागत विश्लेषण

डिल्लीबहादुर वि.सी.[1*]

Dilli Bahadur B. C.[1*]

DOI: https://doi.org/10.3126/amrj.v5i1.98070

[1]नेपाल संस्कृत विश्वविद्याय, बेलझुण्डी, दाङ
[*]Corresponding Author, Email: dillibc@gmail.com ORCID: https://orcid.org/0009-0003-5166-3779
*Article History: Received: Jan. 15, 2026, Revised: April 6, 2026, Accepted: July 9, 2026, Published: July 30, 2026*

### शोधसार

नेपालको सुदूर तथा मध्य-पश्चिमी तराई क्षेत्रमा ऐतिहासिक रूपमा संस्थागत रहेको कमैया बन्धुवा श्रम प्रणाली, यसको कानुनी मुक्ति र उत्तर-मुक्ति कालखण्डको पुनर्स्थापना प्रक्रियामा आमसञ्चार तथा पैरवी (Communication Advocacy) ले खेलेको भूमिकाको विश्लेषण गर्नु प्रस्तुत शोध लेखको मुख्य उद्देश्य हो । शताब्दीऔं लामो सामन्ती भू-स्वामित्व प्रणाली, सीमान्तकृत थारू समुदायको भूमिहीनता र वित्तीय एकाधिकारका कारण सिर्जना भएको यो आधुनिक दासत्व वि.सं. २०५७ मा कानुनी रूपमा प्रतिप्रतिबन्धित भए तापनि व्यावहारिक पुनर्स्थापना अझै पूर्ण हुन सकेको छैन । यो अध्ययन गुणात्मक तथा विवरणात्मक विधिमा आधारित छ, जसले वि.सं. २०२१ को भूमिसुधार, मातृभाषामा आधारित रेडियो पैरवी, दृश्य-सञ्चार (Visual Sociology) र मूलधारका छापा माध्यमको कभरेजको समीक्षा गर्दछ । अध्ययनले के निष्कर्ष निकाल्दछ भने 'ख्याल' बुलेटिन र हातेमालो सञ्चार समूहको 'नागरिक आवाज' जस्ता सहभागितामूलक सञ्चार माध्यमहरूले कमैयाहरूमा सचेतीकरण (Conscientization) र एजेन्डा बिल्डिङ्ग (Agenda Building) मार्फत नीतिगत तहमा दबाब सिर्जना गरे तापनि राज्यको पुनर्स्थापना नीति अपूर्ण रहँदा व्यावहारिक स्वतन्त्रता अझै ओझेलमा छ ।

***मुख्य शब्दहरू :*** मुक्त कमैया, पुनर्स्थापना, सञ्चार पैरवी, रेडियो पैरवी, विकास सञ्चार, बन्धुवा श्रम ।

## विषय परिचय

नेपालको सामाजिक-आर्थिक र राजनीतिक रूपान्तरणको इतिहासमा सञ्चार माध्यमले केवल सूचना प्रवाह गर्ने मात्र नभई सामाजिक आन्दोलनलाई दिशा निर्देश गर्ने र सीमान्तकृत वर्गको आवाजलाई राज्यको नीतिगत तहसम्म पुर्‍याउने उत्प्रेरकको रूपमा काम गर्दै आएको छ । पश्चिम नेपालका थारू बाहुल्य जिल्लाहरू (दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा शताब्दीऔंदेखि जकडिएर रहेको 'कमैया प्रथा' र यसैको घरेलु स्वरूप 'कमलरी प्रथा' उन्मूलन र त्यसपछिको पुनर्स्थापनाको सवालमा सञ्चारको भूमिका मेरुदण्डका रूपमा स्थापित छ । परम्परागत मिडिया र विकास सञ्चारका आधुनिक औजारहरूले कसरी एउटा सीमान्तकृत आन्दोलनलाई राष्ट्रिय मुद्दा बनाए भन्ने विषय समाजशास्त्रीय अध्ययनको रोचक पाटो हो ।

## नेपालमा भूमि व्यवस्था

नेपालको परम्परागत भूमि व्यवस्था रैकर, बिर्ता, गुठी र किपट प्रणालीमा आधारित थियो, जसले भू-स्वामित्वलाई शासक वर्गको पकडमा राख्यो र श्रम गर्ने वर्गलाई सधैं किनारामा पार्यो (Regmi, १९७८) । वि.सं. १९१७ को राजनीतिक सम्झौतापछि नेपालमा गाभिएको 'नयाँ मुलुक' (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) क्षेत्र राणा शासकहरूको 'क' श्रेणीको बिर्ता र जिमिन्दारीको रूपमा रह्यो । राज्यको यो केन्द्रिकृत र विभेदकारी भू-नीतिले रैथाने थारू समुदायको जल, जमिन र जङ्गलमाथिको प्राकृतिक अधिकार खोसेर उनीहरूलाई आफ्नै भूमिमा सुकुम्बासी बनायो । शासक वर्गले जग्गाको स्वामित्व पहाडी सम्भ्रान्त वा आफ्ना कारिन्दाहरूलाई सुम्पिएपछि थारूहरू भूमिअधिकारबाट पूर्ण रूपमा वञ्चित भए (Regmi, १९७८) ।

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research (AMRJ)
Volume: 5 Issue: 1, Year 2026

## नेपालमा दास तथा कमारा कमारी प्रथा

नेपालको कानुनी र सामाजिक इतिहासमा मानिसलाई वस्तु झैं किनबेच गर्ने 'कमारा कमारी' (दास) प्रथा संस्थागत रूपमा विद्यमान थियो, जसलाई वि.सं. १९१० को मुलुकी ऐनले समेत कानुनी वैधता र जात अनुसारको दण्ड सजाय तोकेको थियो (थापा, २०७०)। वि.सं. १९८१ (सन् १९२४) मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले औपचारिक रूपमा दास प्रथा उन्मूलनको घोषणा गरे तापनि कृषि क्षेत्रमा विद्यमान कमैया र घरेलु श्रममा कमलरी राख्ने कुप्रथालाई यसले समेट्न सकेन। राज्यले कमारा कमारी मुक्त गर्दा मालिकहरूलाई क्षतिपूर्ति दियो, तर कृषि मजदुरको रूपमा रहेका कमैयाहरूको ऋण र श्रम शोषणको पाटोलाई नजरअन्दाज गर्दा तराईमा दासत्वले नयाँ रूप लियो (थापा, २०७०)।

## कमैया प्रथाको सुरुवात

सन् १९५० को दशकमा तराई क्षेत्रमा औलो उन्मूलन (DDT Spray) भएपछि पहाडी क्षेत्रबाट बसाइँसराइको ठुलो लहर चल्यो। पहाडका चतुर र टाठाबाठा मानिसहरूले तराईका निरक्षर थारूहरूको जग्गा जाली तमसुक, मदिरा सेवन गराएर वा सामान्य लेनदेनको बदलामा आफ्नो नाममा दर्ता गराए (Sharma, १९९८)। जमिन गुमेपछि थारूहरू आफ्नै पुर्ख्यौली भूमिमा जमिन्दारको कृषि मजदुर (कमैया) बन्न बाध्य भए। खेतीपातीको सिजन सुरु हुनुअघि (माघी पर्वको समयमा) जमिन्दारबाट घरायसी खर्च र जीविकोपार्जनका लागि लिइने ऋण (सौंकी) को चक्रवृद्धिका कारण बुबाको ऋण छोरा र नातिमा सर्ने र पुस्तौंसम्म दास बस्न बाध्य हुने अवस्था सिर्जना भयो (Sharma, १९९८)।

थारू समुदायको ऐतिहासिक संरचना एकल आयामको छैन। यो ऐतिहासिक रूपमा सम्भ्रान्त जमिन्दार थारू (Landlord Tharu) र सर्वहारा कमैया थारूमा विभक्त देखिन्छ (Dangaura, २०२३)।

**शोषणको आन्तरिक बीज**: चौधरी (२०२१) का अनुसार कमैया प्रथाको भ्रूण प्रारम्भमा थारू समुदायभित्रकै सम्पन्न वर्गमा अंकुरित भएको थियो। थारू जमिन्दारका घरमा कमैयाहरूलाई पारिवारिक नाताको आधारमा सम्बोधन गरिने र भोजनमा समानता रहने हुँदा शोषणको रूप केही नरम थियो (Chaudhary, २०२१)। तर, यो प्रथा जब गैर-थारू वा बाहिरी मालिकहरूको हातमा पुग्यो, तब थारू कमैयाहरू चरम श्रम शोषण, अमानवीय व्यवहार र नागरिक अधिकारबाट पूर्ण वञ्चितीकरणको सिकार बने (Chaudhary, २०२१; Dangaura, २०२३)।

## नेपाल बाहेकका देशमा दास प्रथाको अवस्था

दासप्रथा एक विश्वव्यापी ऐतिहासिक कलङ्क हो, जसले मानव सभ्यतालाई लामो समयसम्म गिजोल्यो। सन् १६ औं देखि १९ औं शताब्दीसम्म चलेको 'अटलान्तिक दास व्यापार' मार्फत लाखौं अफ्रिकी अश्वेत नागरिकहरूलाई अमेरिकी र युरोपेली देशहरूमा कडा श्रमका लागि पशु सरह किनबेच गरियो। सन् १८६३ मा अब्राहम लिङ्कनको 'मुक्ति घोषणा' (Emancipation Proclamation) र अमेरिकी गृहयुद्धपछि त्यहाँ दासप्रथा कानुनी रूपमा अन्त्य भयो। आधुनिक विश्वमा परम्परागत दासप्रथा हटे पनि भारतको 'बन्डेड लेबर' (Bonded Labour), मानव बेचबिखन र इँटाभट्टा तथा कृषि क्षेत्रमा आधुनिक दासत्व (Modern Slavery) का रूपमा यो अझै जीवितै रहेको पाइन्छ (Mishra, २०१२)।

## कानुनी बन्देज तर दासता बस्नु पर्ने बाध्यता

नेपालको वि.सं. २०१९ को संविधान, नागरिक अधिकार ऐन २०१२ र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकारका महासन्धिहरू (जस्तैः ILO महासन्धि २९) ले जुनसुकै प्रकारको जबर्जस्ती श्रम र दासत्वलाई प्रतिबन्धित गरेका थिए। तर, पश्चिम नेपालको तराईमा आर्थिक शून्यता, भूमिहीनता, वित्तीय एकाधिकार र राज्य संरचनामा पहुँचको अभावका कारण यो प्रथा कानुनी रूपमा कागजमै सीमित रह्यो (INSEC, २००१)। ग्रामीण क्षेत्रमा बैंक वा वित्तीय संस्था नहुँदा साहु महाजन र जमिन्दार नै कर्जाको एक मात्र स्रोत थिए, जसले 'ढ्याके' देखि 'पक्की' (६०% सम्म) ब्याज असुल गर्थे। अदालत र प्रशासनमा जमिन्दार वर्गकै पहुँच भएकाले कमैयाहरू कानुनी ढोका ढकढक्याउनै सक्दैनथे (INSEC, २००१)।

## अध्ययनको औचित्य

कमैया मुक्त वि.स. २०५७ साउन २ गते र कमलरी प्रथा मुक्ति वि.स. २०७० असार १३ गतेको घोषणा भएको दुई दशकभन्दा बढी भइसकेको छ। तर, हालसम्म पनि 'छूट कमैया' र 'मुक्त कमलरी' हरूको पूर्ण पुनर्स्थापना हुन सकेको छैन। यो अध्ययन मुक्ति आन्दोलन र पुनर्स्थापना प्रक्रियामा आमसञ्चार (विशेष गरी मातृभाषाको रेडियो पैरवी, वैकल्पिक छापा माध्यम र दृश्य पैरवी) को भूमिकाको मूल्याङ्कन गर्न र वर्तमान समयमा मुक्त कमैयाहरूले भोगिरहेका संरचनात्मक बेथितिहरूलाई उजागर गर्न प्राज्ञिक दस्तावेजको रूपमा महत्त्वपूर्ण छ। यसले नीति निर्माताहरूलाई दिगो पुनर्स्थापनाको मार्गचित्र कोर्न सघाउनेछ।

## समस्याको कथन

नेपाल सरकारले वि.सं. २०५७ साउन २ मा कमैया मुक्ति र वि.सं. २०७० असार १३ मा कमलरी मुक्तिको घोषणा गरे तापनि ठोस आर्थिक र सञ्चार पैरवीको अभावमा हजारौँ मुक्त कमैया र कमलरीहरू परिचयपत्र र सरकारी पुनर्स्थापना प्याकेजबाट वञ्चित छन् । वर्गीकरण प्रणाली त्रुटिपूर्ण छ, लालपुर्जाहरू बैंकमा धितो राख्न नमिल्ने खालका संकुचित छन् । मूलधारको नेपाली मिडियाले पनि यस मुद्दालाई केवल 'घटनामुखी' र 'सतही' रूपमा मात्र उठाएको पाइन्छ, जसले गर्दा पुनर्स्थापनाको मुद्दा राष्ट्रिय बहसको मुख्य एजेन्डा बन्न सकिरहेको छैन (गौतम, २०६०) ।

### अध्ययनको उद्देश्य

यस अध्ययनबाट नेपालमा कमैया प्रथाको ऐतिहासिक पृष्ठभूमि, शोषणका बहुआयामिक स्वरूपहरूको विश्लेषण गर्नु र मुक्त कमैया पुनस्थापनामा आमञ्चारले निर्वाह गरेको भूमिका समाजशास्त्रीय रूपमा अध्ययन गरी त्यसको उजागर गर्नु रहेको छ । त्यसका लागि निम्न उदेश्यहरू रहेकाछन् ।

वि.सं. २०२१ को भूमिसुधार कार्यक्रमले पश्चिम नेपालमा पारेको प्रभाव र यसका सीमाहरूको मूल्याङ्कन गर्नु ।

मुक्त कमैया पुनर्स्थापना र यसको अन्तर्राष्ट्रियकरणमा मातृभाषाको रेडियो पैरवी, वैकल्पिक बुलेटिन र दृश्य-सञ्चार (Visual Sociology) को भूमिका खोतल्नु ।

उत्तर-मुक्ति कालखण्डमा मुक्त कमैया तथा कमलरीहरूले भोगनुपरेका समकालीन चुनौतीहरू पहिचान गरी ठोस नीतिगत सिफारिसहरू प्रस्तुत गर्नु ।

## अनुसन्धान विधि

### शोध ढाँचा

यो अनुसन्धान मुख्यतः ऐतिहासिक, विवरणात्मक तथा विश्लेषणात्मक शोध ढाँचा (Descriptive and Analytical Research Design) मा आधारित छ । यसमा गुणात्मक (Qualitative) र संख्यात्मक (Quantitative) दुवै प्रकारका तथ्याङ्कहरूको समिश्रण (Mixed Method Approach) गरिएको छ ।

### अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययनको भौगोलिक क्षेत्र नेपालको सुदूरपश्चिम र लुम्बिनी प्रदेश अन्तर्गतका साविक कमैया बाहुल्य जिल्लाहरू–विशेष गरी दाङ, बाँके, कञ्चनपुर, बर्दिया र कैलाली जिल्लामा केन्द्रित रहेको छ ।

### अध्ययनको तथ्य संकलन

**प्राथमिक स्रोतः** मुक्त कमैया आन्दोलनका अभियन्ताहरू, सञ्चारकर्मीहरू र थारू भाषाका रेडियो प्रस्तोताहरूसँगको गुणात्मक कुराकानी र घटना अध्ययन ( ऋबकभ क्तगमषभक) ।

**द्वितीय स्रोतः** भूमि व्यवस्था मन्त्रालयका प्रतिवेदनहरू, बद्रीप्रसाद पहाडी (वि.सं. २०२४) र शिव शर्मा (सन् १९९८) का प्रतिवेदनहरू, इन्सेक (INSEC) र मार्टिन चौतारीका मिडिया सम्बन्धी प्रकाशनहरू, र विभिन्न विश्वविद्यालयका स्नातकोत्तर/विद्यावारिधि शोधपत्रहरू ।

### प्रस्तुति र विश्लेषण

संकलन गरिएका तथ्याङ्कहरूलाई विषयवस्तु अनुसार वर्गीकरण गरी तालिका र बुँदागत रूपमा प्रस्तुत गरिएको छ । गुणात्मक तथ्यहरूलाई समाजशास्त्रीय र सञ्चार सिद्धान्तहरू (पावलो फ्रेरेको 'सचेतीकरण' र एजेन्डा बिल्डिङ्ग सिद्धान्त) को कसीमा विश्लेषण गरिएको छ ।

### अध्ययनको सीमा

यो अध्ययन मुख्य रूपमा दाङ, बाँके, कञ्चनपुर, बर्दिया र कैलाली जिल्लाको ऐतिहासिक र मिडिया पैरवीको पाटोमा बढी केन्द्रित छ । दाङ, बाँके र कञ्चनपुरका सबै मुक्त कमैया बस्तीहरूको स्थलगत सर्वेक्षण यसै लेखभित्र पूर्ण रूपमा समावेश गर्न सम्भव भएको छैन ।

## पूर्वकार्यको समीक्षा

प्रस्तुत मुद्दाको गहिराइ, विकास सञ्चारको प्रभाव र कमैया पुनर्स्थापनाका नीतिगत अवरोधहरू बुझ्न विगतमा भएका प्रमुख ९ वटा प्राज्ञिक कार्यहरूको समीक्षा यहाँ प्रस्तुत गरिएको छः

### १. The Kamaiya System in Nepal -ILO_M Sharma (१९९८)

यस पुस्तकले कमैया प्रथालाई 'सौंकी' (ऋणजाल) र 'कपाली तमसुक' का माध्यमबाट जमिन्दारहरूले गर्ने पुस्तान्तरण चक्रमा आधारित शोषणका रूपमा प्रमाणित गऱ्यो । यो पुस्तक कमैया मुक्तिको घोषणाका लागि 'प्रमाणमा आधारित पैरवी' (Evidence–based Advocacy) को सबैभन्दा बलियो हतियार बन्यो, जसले आमसञ्चार माध्यमलाई तथ्यगत सामग्री उपलब्ध गरायो ।

### २. KamaiyaM Slavery & Freedom in NepalM Lowe & White (२००१)

यो कृति दृश्य-सञ्चार (Visual Sociology) को उत्कृष्ट नमुना हो । यस पुस्तकमा समाहित ऐतिहासिक तस्बिरहरूले जमिन्दार र कमैयाबिचको असमान शक्ति सम्बन्ध र महिलाहरूको उत्पीडनलाई दृश्य भाषा मार्फत विश्वसामु छर्लङ्ग पारिदियो, जसले गर्दा अन्तर्राष्ट्रिय मिडिया र कूटनीतिक क्षेत्रमा यो मुद्दाले प्राथमिकता पायो ।

**३. "टीठलाग्दो छ छापामा गरिबीको लेखन" (मिडियाको चिरफार, मार्टिन चौतारी): गौतम (वि.सं. २०६०)**

गौतमले नेपाली मूलधारका छापा माध्यमको उदासीनता र व्यावसायिक स्वार्थको उजागर गरेका छन् । वि.सं. २०५८-२०५९ सम्मको विश्लेषण गर्दै उनले हिमाल खबरपत्रिका र मूल्याङ्कन मासिक जस्ता बौद्धिक मञ्चहरूमा कमैया मुद्दाको कभरेज 'शून्य' रहेको र दैनिक पत्रिकाहरूले पनि यसलाई केवल 'घटनामुखी' (भ्खभलत-भिम) रूपमा मात्र प्रस्तुत गरेको निष्कर्ष निकालेका छन् ।

**४. बर्दिया जिल्लाका मुक्त कमैयाहरूको पुनर्स्थापनामा रेडियो कार्यक्रम 'नागरिक आवाज'को भूमिका (स्नातकोत्तर शोधपत्र): बि.सी. (वि.सं. २०७४)**

यस शोधपत्रले विकास सञ्चार (Development Communication) को तल्लो तहको प्रभावको अध्ययन गरेको छ। हातेमालो सञ्चार समूहद्वारा उत्पादित रेडियो कार्यक्रमले ५९% उत्तरदातालाई आफ्नो हकअधिकार बुझ्न र ५४% लाई आयआर्जनका उपाय सिक्न प्रत्यक्ष सहयोग पुऱ्याएको तथ्यलाई यसले तथ्याङ्कीय रूपमा पुष्टि गरेको छ ।

**५. Liberation is not Enough: The Kamaiya Movement in NepalM Cheria et al., (२००५)**

एक्सनएड नेपालद्वारा प्रकाशित यो पुस्तकले कानुनी मुक्तिपछिको पुनर्स्थापना कालखण्डको गम्भीर राजनीतिक समीक्षा गर्दछ। लेखकद्वयले के दाबी गर्छन् भने ठोस आर्थिक पुनर्स्थापना योजना, सुरक्षित आवास र कृषियोग्य जमिन विना घोषणा गरिएको कानुनी मुक्तिले मुक्त कमैयाहरूलाई केवल 'नयाँ स्वरूपको सुकुम्बासी र बन्धुवा' मा परिणत गरेको छ। यसले पुनर्स्थापनाका लागि सञ्चार पैरवी झन् बलियो हुनुपर्ने औचित्य पुष्टि गर्छ ।

**६. The Kamaiya System of Bonded Labour in NepalM INSEC (२००१)**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को यो प्रतिवेदनले कमैया आन्दोलनको कानुनी तथा अधिकारमुखी पाटोलाई उजागर गर्दछ । वि.सं. २०५७ को मुक्ति आन्दोलनका बेला मानवअधिकारवादी संगठनहरूले नागरिक समाज र मिडियालाई कसरी परिचालन गरे र सिंहदरबारलाई बन्धुवा श्रम निषेध ऐन ल्याउन कसरी बाध्य पारियो भन्ने रणनीतिक व्याख्या यसमा गरिएको छ ।

**७. मुक्त कमैया, मुक्त कम्लहरी...को वस्तुस्थिति अध्ययन समिति (वि.सं. २०२१)**

**स्थापना प्रतिवेदन पुस्तक:** नेपाल सरकारद्वारा गठित श्याम श्रेष्ठ नेतृत्वको उच्चस्तरीय समितिले बुझाएको यो प्रतिवेदन हालसम्मकै सबैभन्दा विस्तृत सरकारी दस्तावेज हो । प्रतिवेदनले सरकारी वर्गीकरण (क, ख, ग, घ) को त्रुटि, परिचयपत्र पाउनबाट वञ्चित हजारौँ 'छूट कमैया' र कमलरीहरूको वास्तविक तथ्याङ्क प्रस्तुत गर्दै राज्यको पुनर्स्थापना योजना निकै फितलो र ढिलासुस्ती भएको प्रमाणित गरेको छ ।

**८ Many Tongues, One People: The Making या Tharu Identity in NepalM Guneratne (२००२)**

यो मानवशास्त्रीय कृतिले थारू पहिचानको निर्माण र आधुनिकताको विकासमा कमैया प्रथा र त्यसको राजनीतिक प्रतिरोधको प्रभाव केलाउँछ। लेखकले पश्चिम नेपालमा थारू समुदायभित्र सचेतीकरण बढ्नुमा स्थानीय सञ्चार, राजनीतिक संगठन र माघी पर्वका अवसरमा हुने भेलाहरूको ठुलो भूमिका रहेको विश्लेषण गरेका छन् ।

**९.नेपालमा विकास सञ्चार र सामुदायिक रेडियोको भूमिका: धिताल (वि.सं. २०६८)**

यस पुस्तकले नेपालमा सामुदायिक रेडियोहरूले सीमान्तकृत, बहिष्कृत र तल्लो तहका (Grassroots) नागरिकहरूको सशक्तिकरणमा खेलेको भूमिकाको समीक्षा गर्दछ । धितालले पश्चिम नेपालका थारू भाषाका रेडियो कार्यक्रमहरूलाई 'पार्टिसिपेटरी मिडिया' को रूपमा व्याख्या गर्दै यस्ता कार्यक्रमले बन्धुवा श्रमविरुद्ध प्रतिरोधात्मक चेतना भर्न कसरी सफल भए भन्ने समाजशास्त्रीय पुष्टि गरेका छन् ।

## तथ्य प्रस्तुति र विश्लेषण

बहुआयामिक शोषणको गणितीय भार कमैया र किसानहरू परम्परागत कुप्रथा र कानुनी शून्यताका कारण चरम आर्थिक शोषणमा परेका थिए । पहाडी (वि.सं. २०२४) को प्रतिवेदन र Sharma (१९९८) को अध्ययन अनुसार यस शोषणको भारलाई निम्न तालिकाबाट बुझ्न सकिन्छ:

| शोषणको प्रकार शी र्षक | भार प्रतिशत / हिस्सा | आ र्थक तथा सामाजिक असर |
|---|---|---|
| असमान बाली | कुल उत्पादनको २५मात्र % | वास्त वक श्रम गर्ने कमैयाले आधामात्र पाउँछन् |

| शोषणको प्रकार शी र्षक | भार प्रतिशत / हिस्सा | आ र्थक तथा सामाजिक असर |
|---|---|---|
| वभाजन (बटौया) | कसानलाई | बाँडेर पनि अन्त्यको ठूलो हिस्सा सोझै ज मनदारले लन्छन् |
| परम्परागत बटुवा (१३ सामाजिक खर्चहरू( | कुल उत्पादनको ४५% ५०–(१०० मनमा ४५(५० मन– | करिब १० मन, लोहार २ मन, घरेलु १५ मन., चौकीदार, गोठेतो, धामी, पुजारी आदिलाई खेती नस कने बुझाउनुपर्ने |
| कसानको खुद बचत | केवल ५४% ५. (५४(५ मन. | वर्षभरि खान नपुग्ने भएपछि पुनः ज मनदारकै शरणमा गई ऋण लनुपर्ने बाध्यात्मक चक्र |
| चक्रवृद् ध ब्याज (साँवा) | २४ % दे ख ६० % सम्म | जाली बनाई कपाली तमसुक निरक्षर कसानहरूको स्वत्व हडप्ने र ऋण पुनर्ता लका गर्ने माध्यम |

## भूमिसुधार कार्यक्रम (वि.सं. २०२१-२० २०२२) को प्रभाव

वि.सं. २०२१ को भूमिसुधार ऐन लागू भएपछि बर्दिया र कमैयाहरूको सामाजिक स्थितिमा केही रूपान्तरणको प्रयास भयो। बर्दियामा हदबन्दीभन्दा बढी रहेको कुल २७,२१२ बिगाहा जग्गा पत्ता लगाइयो, जसमध्ये १५,२३९ बिगाहा जग्गा ४,१७३ भूमिहीन परिवारलाई वितरण गरियो ( पन्त, २०२४) । ६,६६० जना किसानलाई मोहियानी हकको प्रमाणपत्र वितरण गरियो । तर, जग्गाधनीहरूले कानुनी छिद्रको फाइदा उठाउँदै वास्तविक जोताहा लुकाएर नक्कली मोही खडा गरे ।

## सञ्चार पैरवी (Communication Advocacy) को भूमिका

मुक्त कमैया आन्दोलन र त्यसपछिको पुनर्स्थापना प्रक्रियामा आमसञ्चार माध्यमले बहुआयामिक, रणनीतिक र रूपान्तरणकारी भूमिका निर्वाह गरेका छन्। यस प्रक्रियालाई विकास सञ्चार (Development Communication) र सामाजिक आन्दोलनका स्थापित सञ्चार सिद्धान्तहरूको कसीमा विश्लेषण गरिएको छः

**मातृभाषामा आधारित वैकल्पिक सञ्चार र 'सचेतीकरण' ( Conscientization):** विकास सञ्चारविद् ँFreire (१९७०) को 'सचेतीकरण' (Conscientization) अवधारणा अनुसार उत्पीडित वर्गले आफ्नो अधिकारका लागि आफैं संवाद र सचेतना निर्माण गर्नु आवश्यक हुन्छ । वि.सं. २०६० देखि प्रकाशन सुरु भएको थारू भाषाको 'ख्याल' मासिक बुलेटिन र स्थानीय एफ.एम. रेडियोहरूबाट प्रसारित थारू भाषाका कार्यक्रमहरूले कमैया बस्तीहरूमा चेतनाको नयाँ सञ्चार गरे ।

**सहभागितामूलक सञ्चार (Participatory Communication_:** वस्तुस्थिति अध्ययन समिति (वि.सं. २०२१) को प्रतिवेदनमा उल्लेख भए अनुसार ६७% स्रोताले थारू भाषाका रेडियो कार्यक्रमहरूलाई 'धेरै राम्रो' र सूचनाको मुख्य स्रोत मानेका थिए (बि.सी., २०८२) ।

रेडियो सेट वितरणको प्रभाव: सञ्चारको पहुँच नपुगेका मुक्त कमैया बस्तीहरूमा दातृ निकायको सहयोगमा ३०० भन्दा बढी रेडियो सेट निःशुल्क वितरण गरिएको थियो (Cheria et al., २००५) । यसले कमैया बस्तीमा 'सामुदायिक श्रवण समूह' (Community Listening Clubs) को विकास गऱ्यो, जहाँ बेलुका सँगै बसेर रेडियो सुन्ने र आफ्नो पुनर्स्थापनाका लागि गाउँपालिका र जग्गा प्राप्ति कार्यालयमा कसरी डेलिगेसन जाने भन्ने रणनीति तय गरिन्थ्यो । यसले सामाजिक पूँजी र एकता (Social Cohesion) सुदृढ गर्न प्रत्यक्ष सहयोग पुऱ्यायो (Cheria et al., २००५) ।

## क्षेत्रीय रेडियो नेटवर्क र 'नागरिक आवाज' को प्रभावकारिता

हातेमालो सञ्चार समूह बाँकेद्वारा वि.सं. २०७१ देखि २०७४ सम्म सञ्चालित 'नागरिक आवाज' रेडियो कार्यक्रमले पुनर्स्थापनाको एजेन्डालाई स्थानीय सरकारको नीतिगत दायरामा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्यो । यो कार्यक्रम बबई एफ.एम. (बर्दिया), रेडियो भेरी (सुर्खेत) र रेडियो प्रतिबोध (बाँके) बाट एकैसाथ प्रसारण हुन्थ्यो ।

**१ तथ्याङ्कीय प्रभाव:** बि.सी. (वि.सं. २०७४) को स्नातकोत्तर शोधपत्रको सर्वेक्षण अनुसार ९१ जना उत्तरदातामध्ये ६९% को नियमित पहुँच रेडियोमा थियो र ५९% ले 'नागरिक आवाज' लाई आफ्नो प्रमुख रोजाइको कार्यक्रम बताएका थिए ।

**२ व्यावहारिक र आर्थिक परिवर्तन:** अनुसन्धानले देखाए अनुसार ४८% मुक्त कमैयाहरूले रेडियो कार्यक्रम सुनेकै कारण जिल्ला भूमि सुधार कार्यालयबाट प्राप्त हुने सेवा, जग्गा प्राप्ति र परिचयपत्र नवीकरणको प्रक्रियाबारे व्यावहारिक जानकारी पाएका थिए भने ५४% उत्तरदाताले रेडियोमा बज्ने कृषि र व्यावसायिक सीपमूलक सूचनाका आधारमा लघु-उद्यम र व्यावसायिक तरकारी खेती सुरु गरी आफ्नो आयआर्जन बढाएका थिए (बि.सी., वि.सं. २०७४) ।

## एजेन्डा बिल्डिङ्ग (Agenda Building) र अन्तर्राष्ट्रियकरण

सञ्चारको 'एजेन्डा बिल्डिङ्ग' सिद्धान्त (McCombs & Shaw, १९७२) ले कसरी मिडियाले उठाएका मुद्दाहरू सार्वजनिक एजेन्डा हुँदै नीतिगत एजेन्डा (एयष्अथ ब्भलमब) मा रूपान्तरण हुन्छन् भन्ने व्याख्या गर्छ । सन् १९९८ मा शर्माद्वारा लिखित "The Kamaiya System in

Nepal" प्रतिवेदन सार्वजनिक भएपछि यसलाई आधार बनाएर अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू (जस्तै: BBC World Service र विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार बुलेटिनहरू) ले प्राथमिकता दिए (Sharma, १९९८)।

**१ कूटनीतिक दबाब र सहायता:** यो मुद्दाको अन्तर्राष्ट्रियकरण भएपछि बेलायती संसदको तल्लो सदन 'हाउस अफ कमन्स' मा १ फेब्रुअरी २००१ मा तत्कालीन राज्यमन्त्री क्रिस मुलिनले कमैया पुनर्स्थापनाका लागि एक्सन ऐड (Action Aid) र DFID मार्फत सुरक्षित जीविकोपार्जन कार्यक्रममा सहयोग गर्ने लिखित प्रतिबद्धता जनाए (House of Commons, २००१)।

**२ अन्तर्राष्ट्रिय मञ्चमा पैरवी:** सन् २०१५ मा इन्सेक (क्ष्ल्क्भ्ऋ) र बेस (BASE) ले संयुक्त राष्ट्र सङ्घको विश्वव्यापी आवधिक समीक्षा (UPR) मा कमैया र कमलरी पुनर्स्थापनाको फितलो सरकारी नीतिबारे छायाँ प्रतिवेदन (Shadow Report) बुझाएपछि राज्यमाथि घरेलु कानुन प्रभावकारी कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय दबाब सिर्जना भयो (Karki, २००१)।

### दृश्य-सञ्चार (ख्ष्कगबà क्यअप्यियनथ) र शक्ति सम्बन्धको चित्रण

Lowe र White (२००१) को पुस्तक "Kamaiya Slavery ७ Freedom in Nepal मा समाहित तस्बिरहरूले दृश्य-सञ्चारको शक्तिलाई उजागर गरे।

१ तस्बिरहरूमा जमिन्दार कुर्सीमा धाकका साथ बस्ने र कमैया भुइँमा निहुरिएर हात जोड्ने दृश्यहरूले समाजमा विद्यमान गम्भीर 'असमान शक्ति सम्बन्ध' (Asymmetric Power Relations) लाई दृश्य भाषा मार्फत संसारसामु छर्लङ्ग पारिदियो (Lowe & White, २००१)।

२ सडक आन्दोलनमा उत्रिएका थारू महिलाहरू र प्रहरीको लाठीचार्जका लाक्षणिक दृश्यहरूले राष्ट्रिय छापा माध्यम र अन्तर्राष्ट्रिय जगतलाई भावुक र आन्दोलित बनायो, जसले गर्दा तत्कालीन सरकार वि.सं. २०५७ साउन २ मा कमैया मुक्तिको हतारो घोषणा गर्न बाध्य भयो।

### तथ्य विश्लेषण र प्रतिवेदनहरूको मन्थन

उत्तर-मुक्ति कालखण्डमा सञ्चार पैरवीले पुनर्स्थापनाको पक्षमा वकालत गरिरहे तापनि सरकारी संयन्त्रभित्रका संरचनात्मक बेथिति र नीतिगत खाडलहरू अनुसन्धानका क्रममा छर्लङ्ग भएका छन्।

### नीतिगत र संस्थागत ढिलासुस्ती

कमैया मुक्तिको घोषणा जति राजनीतिक लोकप्रियताका लागि तीव्र गतिमा भयो, यसको प्रशासनिक र कानुनी निरन्तरता उत्तिकै सुस्त देखियो। वस्तुस्थिति अध्ययन समिति (वि.सं. २०२१) को लगत अनुसार, 'कमैया श्रम निषेध नियमावली' बन्न ऐतिहासिक घोषणाको पूरा १० वर्ष (वि.सं. २०६८) लागेको थियो भने पुनर्स्थापना आयोग गठन हुन ८ वर्ष (वि.सं. २०६५) कुर्नु परेको थियो। यस नीतिगत शून्यताको फाइदा उठाउँदै जमिन्दारहरूले धेरै मुक्त कमैयाहरूलाई खेतीको सिजनको बिचमै बिना कुनै क्षतिपूर्ति वासस्थानबाट निष्कासन गरे, जसले गर्दा मिडियामा उनीहरूको कारुणिक अवस्था थप बढ्न गयो।

### विभेदकारी वर्गीकरण र पहिचानको संकट

नेपाल सरकारले मुक्त कमैयाहरूलाई भूमिसुधार कार्यालय मार्फत चारवटा वर्गमा विभाजन गर्‍यो:

**'क' वर्ग (रातो परिचयपत्र):** घर र जग्गा दुवै नभएका (पूर्ण भूमिहीन)।

**'ख' वर्ग (नीलो परिचयपत्र):** ऐलानी वा सरकारी जग्गामा केवल बुकुरो (घर) मात्र भएका।

**'ग' वर्ग (पहेंलो परिचयपत्र):** घर र २ कठ्ठासम्म जग्गा भएका।

**'घ' वर्ग (सेतो परिचयपत्र):** २ कठ्ठाभन्दा बढी जग्गा भएका।

यस वर्गीकरणको सबैभन्दा त्रुटिपूर्ण पक्ष के देखियो भने 'ग' र 'घ' वर्गमा परेका कुल १७ प्रतिशत (५,४८८ परिवार) लाई सरकारले आर्थिक सहायता र थप पुनर्स्थापना प्याकेजबाट पूर्ण रूपमा वञ्चित गर्‍यो (वस्तुस्थिति अध्ययन समिति, वि.सं. २०२१)। समाजशास्त्रीय दृष्टिकोणले तराईको उत्पादकत्व र परिवारको आकारलाई हेर्दा २ कठ्ठा जग्गा हुनु भनेको आर्थिक रूपमा सबल हुनु होइन। यस त्रुटिपूर्ण वर्गीकरणविरुद्ध स्थानीय रेडियो र बुलेटिनहरूले लगातार दबाब सिर्जना गरे तापनि नीतिमा संशोधन हुन सकेन।

### 'बेकामे' लालपुर्जा र नयाँ स्वरूपको बन्धुवा श्रम:

पुनर्स्थापनाका नाममा वितरण गरिएका लालपुर्जाहरूमा राज्यले निकै संकुचित सर्तहरू तेर्स्यायो। ऋजभचष्ब भत बा. (२००५) का अनुसार उक्त जग्गा १० वर्षसम्म बेचबिखन गर्न नपाइने, बैंकमा धितो राखेर ऋण लिन नमिल्ने र बाबुआमाको शेषपछि सन्तानमा नामसारी हुने स्पष्ट कानुन नभएका कारण मुक्त कमैयाहरूले यसलाई "बेकामे लालपुर्जा" को संज्ञा दिए। जग्गा धितो राख्न नपाउँदा आकस्मिक बिरामी पर्दा वा बालबालिका पढाउँदा उनीहरू पुनः पुराना साहु महाजनकहाँ महँगो ब्याजमा ऋण लिन बाध्य

भए । यसले गर्दा मुक्त कमैयाहरूको गुणात्मक अन्तर्वार्तामा उनीहरूले भनेका छन्:

> पहिले हामी जमिन्दारका बन्धुवा मजदुर थियौँ, अहिले चाहिँ यो बेकामे लालपुर्जाका कारण सरकारका बन्धुवा मजदुरमा परिणत भएका छौँ ।

**छूट कमैया र कमलरीको विकराल समस्या**

द्वन्द्वकाल (वि.सं. २०५२-२०६३) को समयमा लगत सङ्कलन हुनु र पहिचानका लागि सम्बन्धित जमिन्दारकै सिफारिस अनिवार्य गरिएका कारण (मोही हक दाबी गर्ने डरले जमिन्दारले सिफारिस नगरेका) दाङ, बर्दिया र कैलालीमा हालसम्म १२ हजारभन्दा बढी वास्तविक कमैयाहरू परिचयपत्र र पुनःस्थापनाबाट वञ्चित भई 'छूट कमैया' को रूपमा कष्टकर जीवन बिताउन बाध्य छन् (बि.सी., २०८२) ।

त्यसै गरी, वि.सं. २०७० असार १३ मा कमलरी मुक्तिको घोषणा भए पनि कुल ९,४९० मुक्त कमलरीमध्ये केवल २५% ले मात्र परिचयपत्र पाएका छन् भने ७५% (७,१३८ जना) अझै पहिचानबाट वञ्चित छन् (वस्तुस्थिति अध्ययन समिति, वि.सं. २०२१) । छात्रावासमा अध्ययनरत बालिकाहरूका लागि निर्देशिका २०६८ अनुसार तोकिएको छात्रवृत्ति रकम नितान्त अपुग र अमानवोचित (कक्षा १-८ का लागि वार्षिक केवल रु. १५०० अर्थात् मासिक रु. १२५) रहेको तथ्य इन्सेकको प्रतिवेदनले प्रमाणित गरेको छ । जमिन्दारको घरमा घरेलु श्रम गरिरहेकै अवस्थामा चरम भौतिक तथा यौन हिंसाको शिकार भई हालसम्म २७ जना मुक्त कमलरीहरू बेपत्ता छन्, ११ जना बाबुको पहिचान नभएका कुमारी आमा बनेका छन् भने सिर्जना चौधरी, मेघी चौधरीसहित ५ जना बालिकाको शङ्कास्पद हत्या हुँदा पनि राज्यबाट अपराधीलाई सजाय र पीडितलाई न्याय दिलाउन कुनै कानुनी कारबाही भएको छैन (बि.सी., २०८२) ।

## निष्कर्ष र सिफारिस

### निष्कर्ष

नेपालको मुक्त कमैया पुनर्स्थापना प्रक्रियाको समीक्षा गर्दा के स्पष्ट हुन्छ भने सञ्चार पैरवी (Communication Advocacy) ले यो मुद्दालाई ओझेलबाट उठाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसको केन्द्रमा ल्याउन र कानुनी मुक्ति गराउन ऐतिहासिक भूमिका खेल्यो । मातृभाषाका रेडियो कार्यक्रम र वैकल्पिक बुलेटिनहरूले कमैयाहरूमा सचेतीकरण पैदा गर्दै अधिकारमुखी आन्दोलनमा होमिन उत्प्रेरित गरे । तर, सञ्चार माध्यमको यो पैरवीलाई राज्यको प्रशासनिक संयन्त्रले आत्मसात गर्न सकेन । सुरक्षित भू-स्वामित्व, बैंक धितो योग्य लालपुर्जा र दिगो जीविकोपार्जनको ठोस आर्थिक योजना विनाको कानुनी मुक्ति केवल एउटा राजनीतिक नारा मात्र बन्न पुग्यो। फलस्वरूप, मुक्त कमैयाहरू जमिन्दारको दासत्वबाट मुक्त भए पनि राज्यको नीतिगत कमजोरी र 'बेकामे लालपुर्जा' का कारण नयाँ स्वरूपको सरकारी बन्धुवा श्रम र सुकुम्बासी संस्कृतिको दुष्चक्र (ख्अष्यगक ऋथअभि) मा फसेका छन् ।

### सिफारिसहरू (Recommendations)

**१. सञ्चार पैरवीको निरन्तरता र प्रविधिमैत्री प्रसार**: स्थानीय सरकारहरूले मुक्त कमैया बस्तीका समस्या र सफलताका कथाहरूलाई डिजिटल मिडिया, स्थानीय एफ.एम. रेडियो र थारू भाषाका पडकास्ट (एयमअबकतक) मार्फत निरन्तर उठान गरी पुनर्स्थापनाको एजेन्डालाई जीवित राख्नुपर्छ ।

**२. लालपुर्जाको बन्धन फुकुवा:** मुक्त कमैयाको लालपुर्जामा लगाइएका बैंक धितो राख्न नपाइने जस्ता संकुचित र गैरकानुनी सर्तहरू तुरुन्त खारेज गरी उनीहरूलाई जमिनमाथि पूर्ण आर्थिक र कानुनी अधिकार प्रदान गरिनुपर्दछ ।

**३. एकीकृत पुनर्स्थापना प्याकेज:** केवल न्यूनतम आवासको टुक्रा मात्र नदिएर शिक्षा, स्वास्थ्य, व्यावसायिक बजारमुखी सीप र व्यवसाय सुरु गर्न रु. ५० हजारदेखि १ लाख ५० हजारसम्मको बीउ पुँजी र औजार सहितको एकीकृत प्याकेज प्रदान गरिनुपर्दछ ।

**४. छूट लगत सङ्कलन र प्रमाणीकरण:** स्थानीय सरकार (वडा तथा पालिका) लाई पूर्ण अधिकार र बजेट सुम्पिएर स्थलगत सर्जमिनका आधारमा वास्तविक छूट कमैया र कमलरीहरूको अन्तिम पटक वास्तविक लगत सङ्कलन गरी परिचयपत्र वितरण गरिनुपर्दछ ।

**५. मुक्त कमलरीका लागि पूर्ण अभिभावकत्व र न्याय:** छात्रावासमा रहेका कमलरी बालिकाहरूको छात्रवृत्ति रकम मासिक न्यूनतम रु. १० हजार पुऱ्याउनु पर्छ । साथै विगतमा घटेका हत्या, बेपत्ता र यौन हिंसाका घटनाहरूको सत्यतथ्य छानबिन गर्न गृह मन्त्रालय र प्रहरीको उच्च अधिकारी सम्मिलित अनुसन्धान संयन्त्र गठन गरी अपराधीलाई कडा कारबाही गरिनुपर्दछ ।

## REFERENCES

Cheria, A., Edwin, I., & BASE. (2005). *Liberation is not enough: The Kamaiya movement in Nepal*. ActionAid Nepal.

Freire, P. (1970). *Pedagogy of the oppressed*. Herder and Herder.

Guneratne, A. (2002). *Many tongues, one people: The making of Tharu identity in Nepal*. Cornell University Press.

House of Commons. (2001). *Parliamentary debates (Hansard)* (Vol. 362, Col. 268W, 1 February 2001). UK Parliament.

INSEC. (2001). *The Kamaiya system of bonded labour in Nepal*. INSEC/ILO.

Lowe, P., & White, T. (2001). *Kamaiya: Slavery & freedom in Nepal*. Mandala Book Point.

McCombs, M. E., & Shaw, D. L. (1972). The agenda-setting function of mass media. *Public Opinion Quarterly*, *36*(2), 176–187. https://doi.org/10.1086/267990

Mishra, L. (2012). *Bonded labour in India: Its appearance and disappearance*. Manak Publications.

Regmi, M. C. (1978). *Land tenure and taxation in Nepal*. Ratna Pustak Bhandar.

Sharma, S. (1998). *The Kamaiya system in Nepal*. International Labour Organization.

Chaudhary, R. (2019). *Bandhuwa Kamaiya* [The Bonded Labourer]. Aastha Printers.

गौतम, भा. (वि.सं. २०६०)। "टीठलाग्दो छ छापामा गरिबीको लेखन". वन्त, प्र., र पराजुली, र. (स.), *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ*। मार्टिन चौतारी।

धिताल, क. (वि.सं. २०६८)। *नेपालमा विकास सञ्चार र सामुदायिक रेडियोको भूमिको*। विद्यार्थी पुस्तक भण्डार।

थापा, क. (२०७०)। नेपालको कानुनी इतिहास र मुलुकी ऐन। रत्न पुस्तक भण्डार।

पन्त, श. (वि.सं. २०२४)। *नेपालमा भूमिसुधार: कैलाली जिल्लाको प्रगति प्रतिवेदन.* पृष्ठ १२६-१३१।

पहाडी, ब. (वि.सं. २०२४)। ने*पालमा भूमिसुधार: बर्दिया जिल्लाको प्रतिवेदन.* भूमिसुधार विभाग, नेपाल सरकार।

वस्तुआस्थिति अध्ययन समिति. (वि.सं. २०२१)। *मुक्त कमैया र मुक्त कम्लहरीको वस्तुस्थिति र पुनःस्थापना प्रतिवेदन पुस्तक.* श्याम श्रेष्ठ नेतृत्वको टोली, नेपाल सरकार।

बि.सी., डि. ब. (वि.सं. २०७४)। *बर्दिया जिल्लाका मुक्त कमैयाहरूको पुनर्स्थापनामा रेडियो कार्यक्रम 'नागरिक आवाज'को भूमिका स्नातकोत्तर शोधपत्र,* पूर्वाञ्चल विश्वविद्यालय।

बि.सी., डि. ब. (वि.सं. २०८२)। *नेपालमा मुक्त कमैया तथा कमलरी आन्दोलन र वर्तमान चुनौती कार्यपत्र*। नेपाल संस्कृत विश्वविद्यालय।